# हेटौँडा उपमहानगरपालिका जन स्वास्थ्य शाखाको डेँगु रोग बारेको सुचना

देशैभर हाल डेँगु रोगको प्रकोप फैलिएर महामारीको रुप लिएको छ । सरुवा रोग तथा महामारी नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग अनुसार यस रोग सम्बन्धि सामान्य जानकारी यसबाट बच्ने तरिका तपसिल बमोजिम रहेको सम्पुर्णमा जानकारी सहित तल उल्लेखित रोकथामको उपाय अपलाई सुरक्षित एवं सतर्क रहनुहुन अनुरोध छ ।

## डेँगु रोगको सामान्य परिचय

यो रोग डेँगु भाइरसबाट लाग्ने एक किसिमको कडा संक्रमक रोग हो । यो एडिस प्रजातिको लामखुट्टेको टोकाईबाट सर्ने गर्छ । यो प्रायः  सफा पानीमा बस्छ ।

## डेँगु रोगको केही प्रमुख लक्षणहरु

एक्कासी उच्च ज्वरो आँउने, टाउको तथा मांशपेशी/जोर्नीहरु दुख्ने, वाकवाकी लाग्ने र बान्ता हुने, आफ्नो खानपान वा रुची नलाग्ने इत्यादी ।

**माथी उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा अस्पताल लैजानुहोस् ।**

## डेँगु रोगबाट बच्ने /रोकथामका उपायहरु

पुरा बाहुला भएको कपडा लगाँउने, झुलभित्र मात्र सुत्ने, घरको झ्यालढोकामा लामखुट्टे नछिर्ने झुल लगाँउने, घर, कार्यालय, सार्वजनिक ठाँउमा पानी जम्न नदिने, खाल्डाखुल्डी पुर्ने,  खाने पानीको ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, गमलाको प्लेट, फुलदानी, कुलर आदीको पानी कम्तीमा हप्तामा एकपटक फेर्ने, पानी जम्मा गर्ने भाँडोलाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।

**तसर्थ लामखुट्टेको टोकाईबाट बच्नु नै डेँगुबाट बच्ने एकमात्र उपाय हो ।**

**(ध्यानकर्षण : मकवानपुर जिल्ला एवं यस हेटौँडा उपमहानगरपालिका अन्तर्गतका क्षेत्रहरु पनि डेँगु महामारीको उच्च जोखिममा रहेका छन् । )**

**जन स्वास्थ्य शाखा**

**हेटौँडा उपमहानगरपालिका**